**डुडुवा-**
बाँकेको डुडुवा गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ को निति तथा कार्यक्रम र बजेटको तयारी शुरु गरेको छ । गाउँपालिकाको वार्षिक बजेट तर्जुमाको काम शुरु भएको हो ।

गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६ अनुसार र फर्मेटमा वडा तथा बस्तीस्तरिय योजना तथा कार्यक्रम छनौट गर्नका लागि वडा कार्यालयलाई पत्राचार गरिएको छ ।

संघीय सरकारबाट स्थानीय तहका लागि बजेट सिलिङ आएपछि अहिले वडास्तरीय योजना छनौट प्रक्रिया सुरु गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत प्रशुराम उपाध्यायले बताउनुभयो ।

स्थानीय तहले कोरोना भाइरस (कोभिड १९)को असरबाट उत्पन्न समस्या तथा आवश्यकताको पहिचान गरि सोही आधारमा नीति, कार्यक्रम र बजेटलाई प्राथमिकता निर्धारण बजेट बनाइने प्रमुख प्रशासकिय अधिकृत उपाध्यायले बताउनुभयो ।

समुदायमा कोभिड १९ ले पारेको समस्याको समाधान र शिक्षा, स्वास्थ्य, कृषि, स्वरोजगार, विपत व्यवस्थापन लगायतका क्षेत्रमा विशेष कार्यक्रमका योजना यसवर्ष नीति तथा कार्यक्रम र बजेट प्राथमिकता दिइने गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले बताउनुभयो ।

वडा कार्यालयलाई ५ दिनभित्र बस्तीस्तरको योजना छनौट गरि पालिका कार्यालयमा पेश गर्न निर्देशन गरिएको छ ।